VERMONT
DEPARTMENT OF LABOR

# विपद्को समयमा बेरोजगारी सहायता

## अक्सर सोधिने प्रश्नहरू

**मेरो रोजगारीको ठाउँमा बाढी आएको थियो र मसँग अब काम  छ भन्ने पक्का छैन, मैले के गर्नुपर्छ?**

पहिलो चरण बेरोजगारी बीमा (UI) को लागी फाइल गर्नु हो। तपाईले फोन वा अनलाइन प्रारम्भिक दावीकर्ता आवेदन मार्फत श्रम विभागको वेबसाइट, my.vermont.gov - Login मा फाइल गर्न सक्नुहुन्छ। यस प्रकारको आपतकालीन अवस्थामा,अन्य धेरै  व्यक्तिहरूले बेरोजगारी लाभहरूको लागि फाइल गर्दैछन्, र तपाइँ लामो समय को  लागि होल्डमा हुन सक्नुहुन्छ। यदि तपाइँसँग कम्प्युटर छैन भने, तपाइँको काउन्टी सेवा गर्ने VDOL रोजगार केन्द्रमा जानुहोस्। तपाईंले यहाँ नजिकको स्थान पाउन सक्नुहुन्छ: https://labor.vermont.gov/workforce-development/job-centers

**Disaster Unemployment Assistance (DUA)  विपद् बेरोजगारी सहायता के हो?**

Disaster Unemployment Assistance (DUA)  विपद् बेरोजगारी सहायता एउटा ठूलो प्राकृतिक प्रकोपको कारणले आफ्नो जागिर वा स्व-रोजगारी गुमाएका मानिसहरूलाई मद्दत गर्ने एउटा कार्यक्रम हो। यसले उनीहरूलाई नयाँ काम नपाएसम्म उनीहरूलाई मद्दत गर्न अस्थायी पैसा दिन्छ। DUA नियमित बेरोजगारी लाभहरू भन्दा फरक छ।

**(DUA)ले कसरी काम गर्छ?**

DUA कार्यक्रम संघीय श्रम विभाग र FEMA (the Federal Emergency Management Administration) (फेमा :संघीय आपतकालीन व्यवस्थापन प्रशासन - प्रकोपसँग/विपत्तिसँग सम्बन्धित निकाय) द्वारा संचालित छ। राष्ट्रपति द्वारा ठूलो विपत्ति घोषणा गरेपछि, FEMA ले DUA लाभहरू तिर्नको/ भुक्तानको लागि राज्यको  , श्रम विभागलाई पैसा दिन्छ। कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्चको  पनि प्रतिपूर्ति  राज्यले  प्राप्त गर्छ । भर्मन्टमा DUA लाभहरू दिने जिम्मा श्रम विभागको हो।भर्मन्टमा डिपार्टमेन्ट अफ लेबरले लाभहरू उपलब्ध हुँदा घोषणा गर्नेछ र योग्य व्यक्तिहरूलाई लाभहरू दिनेछ।

**म/ मैले  कहिले सम्म लाभ प्राप्त गर्न सक्छु?**

यदि तपाइँ भर्मन्टमा DUA को लागी योग्य हुनुहुन्छ भने, तपाइँले प्रकोप घोषणा भएको २७ (27) हप्ता सम्मको लागि लाभहरू प्राप्त गर्न सक्नुहुन्छ। जबसम्म तपाइँको बेरोजगारी प्रकोपको कारण हो, तपाइँले  लाभहरू प्राप्त गरिरहन सक्नुहुन्छ।

**DUA को लागी कसले आवेदन दिन सक्छ?**

DUA का लागि आवेदन दिन, तपाईंले यी सर्तहरू मध्ये एक पूरा गर्न आवश्यक छ:

क) विपद् /प्रकोप सुरु भएको एक हप्तासम्म तपाईं बेरोजगार हुनुहुन्थ्यो।

ख) तपाईं आफ्नो काममा पुग्न सक्नुहुन्न।

ग) प्रकोपको कारणले तपाईंको कामअब छैन, वा तपाईं यसकामलाई पाउन सक्नुहुन्न।

घ) प्रकोपमा  परिवार प्रमुखको मृत्यु भएको हुनाले अब तपाईं आफ्नो परिवारको मुख्य सहयोगी हुनुहुन्छ।

ई) प्रकोपमा  चोट लागेकोले तपाईं काम गर्न सक्नुहुन्न।

च) प्रकोपका कारण तपाईंले काम सुरु गर्न सक्नुभएन।

यदि तपाइँ अमेरिकी नागरिक हुनुहुन्न भने, तपाइँले अझै पनि DUA प्राप्त गर्न सक्नुहुन्छ यदि तपाइँ संग अमेरिकामा काम गर्ने अनुमति छ र निश्चित मापदण्डहरू पूरा गर्नुहुन्छ।

**के मैले DUA अघि नियमित बेरोजगारीको (unemployment) लागि आवेदन दिन आवश्यक छ?**

छ, तपाईंले पहिले नियमित बेरोजगारी लाभहरूको लागि आवेदन दिनुपर्छ। यदि तपाईं नियमित लाभहरूका लागि योग्य हुनुहुन्न भने, तपाईं DUA को लागि योग्य हुन सक्नुहुन्छ। तपाइँको प्रारम्भिक UI दावी को समयमा, तपाइँलाई तपाइँको रोजगार विपत्ति द्वारा प्रभावित भएको थियो कि भनेर सोधिनेछ ।

**मैले कति पैसा पाउनेछु?**

साप्ताहिक लाभ रकम व्यक्तिले २०२२ मा कमाएको कुल पारिश्रमिकमा आधारित हुनेछ। यदि व्यक्ति स्वरोजगार छ भने, साप्ताहिक लाभ रकम २०२२ मा स्व-रोजगारबाट भएको शुद्ध आम्दानी (आय) मा आधारित हुनेछ। सामान्यतया, लाभहरुको  गणना  राज्य UI लाभहरु को लागि प्रयोग गरिने उही सूत्र प्रयोग गरेर गरिन्छ। गणना [VT Dept Labor - B11Claimant ] मा फेला पार्न सकिन्छ।

**भर्मन्टका  कुन काउन्टीहरूले DUA प्राप्त गर्न सक्छन्?**

जुलाई 18 (१८) सम्मको अनुसार, भर्मन्टका यी काउन्टीहरू FEMA द्वारा निर्धारण गरे अनुसार DUA का लागि योग्य छन्:

- चित्तेन्देन (जुलाई 20, 2023 घोषणा गरिएको, अगस्ट 21, 2023 सम्ममा आवेदन दिनुपर्ने )
- लामोइल (जुलाई 20, 2023 घोषणा गरिएको, अगस्ट 21, 2023 सम्ममा आवेदन दिनुपर्ने )
- रुटल्याण्ड (जुलाई 20, 2023 घोषणा गरिएको, अगस्ट 21, 2023 सम्ममा आवेदन दिनुपर्ने )
- वाशिङ्टन (जुलाई 20, 2023 घोषणा गरिएको, अगस्ट 21, 2023 सम्ममा आवेदन दिनुपर्ने )
- विन्डहम (जुलाई 20, 2023 घोषणा गरिएको, अगस्ट 21, 2023 सम्ममा आवेदन दिनुपर्ने )
- विन्डसर (जुलाई 20, 2023 घोषणा गरिएको, अगस्ट 21, 2023 सम्ममा आवेदन दिनुपर्ने )

- क्यालेडोनिया  (जुलाई 24, 2023 घोषणा गरिएको, अगस्ट 24, 2023 सम्ममा आवेदन दिनुपर्ने )
- ओरेन्ज  (जुलाई 24, 2023 घोषणा गरिएको, अगस्ट 24, 2023 सम्ममा आवेदन दिनुपर्ने )

**DUA को लागी आवेदन दिन मलाई कुन कागजातहरू चाहिन्छ?**

जब तपाइँ DUA को लागी आवेदन दिनुहुन्छ, तपाईंसँग यी  आवश्यक छन्:

क) तपाईंको सामाजिक सुरक्षा नम्बर

क)  यदि तपाईं अमेरिकी नागरिक हुनुहुन्न भने, तपाईंको विदेशी दर्ता नम्बर (alien registration number) र म्याद सकिने मिति

ख) तपाईंको अन्तिम रोजगारदाताको नाम र ठेगाना

ग) यदि तपाईंले विगत दुई वर्षमा अर्को राज्यमा काम गर्नु भएको थियो  भने, त्यो रोजगारदाताको नाम र ठेगाना

घ) यदि तपाईं स्वरोजगार हुनुहुन्थ्यो भने, विगत दुई वर्षको तपाईंको स्व-रोजगारीको प्रमाण (जस्तै कर रिटर्न वा बैंक रेकर्डहरू)

ङ) यदि तपाइँको काम निर्धारित थियो तर प्रकोपको कारणले काम गर्न सक्नुभएन भने, रोजगारदाताको नाम र ठेगाना र तपाइँले काम गर्नु पर्ने मिति।

**यदि मेरो दावी अपील (पुनरावेदन) हुन्छ भने के हुन्छ?**

यदि तपाइँ तपाइँको DUA दावी को बारेमा निर्णय संग असहमत हुनुहुन्छ भने, तपाइँ संग अपील गर्न 60 (६०) दिन छ। DUA को लागी अपील 30 (३०) दिन भित्र निर्णय गरिनेछ। यदि तपाइँ अपीलको निर्णयसँग असहमत हुनुहुन्छ भने, तपाइँसँग क्षेत्रीय प्रशासकलाई अपील गर्न 15 (१५)  दिन छ। क्षेत्रीय प्रशासकले तपाइँको पहिलो अपील कहिले प्राप्त गरेकोछ त्यसमा निर्भर गरेर  45 (४५)  वा 90 (९०)  दिन भित्र निर्णय गर्नेछ ।

थप जानकारीको लागि हाम्रो वेबसाइट www.labor.vermont.gov मा जानुहोस्